# नेपालगंज उप–महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### नेपालगंज, बांके

### लुम्बिनी प्रदेश, नेपाल

## न्यानो झोला खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(सूचना प्रकाशित मिति : २०७८।१०।०९)**

नेपालगंज उप–महानगरपालिकाको आ.ब.२०७८।७९ लागि आवश्यक पर्ने न्यानो झोला खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजतपत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको १५ (पन्ध्र) दिने बिद्युतीय (E-bidding) सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.०७७/०७८ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर रु.१००० (एक हजार) तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र दरभाउदाताले सार्वजनिक अनुगमन कार्यालयको **www.bolpatra.gov.np** बाट **download** तथा **upload** गर्न सक्ने व्यवस्था गरिएको छ। यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेपालगंज स्थित आम्दानी खाता ४१३०१००३०१०१०००२ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ **upload** गर्नु पर्नेछ ।

२. दर्ता भएका दरभाउपत्र हरु सोही दिन दिनको १४:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यलयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएका पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. दरभाउपत्र साथ रु.२५,००,००।००. (अक्षरुपी पच्चीस हजार रुपैया मात्र) रकम बराबर नगदै यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लि, स्थित यस कार्यालयको धरौटी खाता नं. ४१३०१००३०३००००००२ मा जम्मा गरेको भौचर वा मान्यत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि भएको जमानीपत्र (विडवन्ड) पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको सार्वजनिक खरिद ऐन २०६३ र नेपालगंज उप–महानरपालिकाको सार्वजनिक खरिद नियामावली २०७६ अनुसार हुने रकम बरावरको धरौटी यस उप–महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक लि. नेपालगँज स्थित धरौटी खाता नं. ४१३०१००३०३००००००२ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैंक कार्यसम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ ।

६. दरभाउपत्र साथ सम्बन्धित दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, खरिद कार्यबाहीमा आफनो स्वार्थ नबाझिएको र पेशा सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको स्व–घोषणा कागजातमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनुपर्नेछ ।

७. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धिकर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

८. न्यानो झोला सप्लाई गर्दा स्वास्थ्य सेवा विभाग बाट जारी भएको निर्देशिका अनुसारको मापदण्ड भएको हुनु पर्नेछ ।

९. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार उप–महानगरपालिकालाई हुनेछ ।

१०. रित नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भै अंक/अक्षर नबुझिने दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

११. कपडा उत्पादक कम्पनीले सप्लायर्सलाई Authorization Letter दिइएको हुनुपर्ने ।

१२. सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये सबै भन्दा घटी दर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।

१३. अन्य हकमा सार्वजनिक खरिद ऐन २०६३, र नेपालगंज उप–महानरपालिकाको सार्वजनिक खरिद नियामावली २०७६ बमोजिम हुनेछ । थप जानकारीको लागि कार्यालयको फोन ०८१-५२०१५१ मा सम्पर्क गर्न सकिने छ ।

| सूचना नं. | बिवरण | जमानत रकम |
|---|---|---|
| NSMC/SQ/G02/078/79 | न्यानो झोला खरिद | रु.२५,०००। |